आज मिति २०७६ साल असोज १६ गतेका दिन यस मकवानपुर गढी गाउँपालिकाको अध्यक्ष श्री विदुर हुमागाई ज्यूको अध्यक्षतामा गाउँ कार्यपालिकाको बैठक बसी देहायको प्रस्तावहरु माथि छलफल गरि निर्णय गरियो।

उपस्थिति

श्री विदुर हुमागाई – अध्यक्ष

श्री हर्कमायाँ रुम्बा – उपाध्यक्ष

श्री आइत सिं लो – कार्न -१, वडा अध्यक्ष

श्री बरवात सिं पाख्रिन – २ नं वडा अध्यक्ष

श्री भगवत घिमिरे ३ " "

श्री राम प्रसाद तिमल्सीना ४ "

श्री जित बहादुर घिमिरे ५ "

श्री टिका प्रसाद दाहाल ६ "

श्री सुर्य बहादुर रुम्बा ७ "

श्री कुमार सिं घिसिङ ८ "

श्री सरोज योञ्जन का.पा. सदस्य

श्री चिनिमायाँ लुङवा "

श्री सुरेन्द्र कुमार "

श्री पातली मायाँ गोले "

श्री बुद्धिमाया योञ्जन "

श्री निर्मला विश्वकर्मा गा.पा. सदस्य निर्मला

श्री भिम बहादुर पौड्याल प्र.प्र.अ.

आमन्त्रित:

श्री प्रतिमान श्रेष्ठ, वडासदस्य एवं का.वा.
वडा अध्यक्ष, वडा नं-६

मकवानपुरगढी गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
मंत्रीन्चुली मकवानपुर
गाउँकार्यपालिकाको बैठक
मिति : २०७६।०७।१६ गते

निर्णयहरू

**निर्णय नं १**

प्रस्ताव नं १ माथि छलफल गर्दा आर्थिक वर्ष २०७६।०७७ को लागि पेश भए अनुसारको गाउँपालिका दर रेट स्वीकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं २**

प्रस्ताव नं २ माथि छलफलगर्दा चालु आर्थिक वर्षको लागि लागत सहभागीतामा आधारित ७० प्रतिशत गाउँपालिका र ३० प्रतिशत जनताको लागतमा निर्माण हुने स्ल्याब ढलान तथा अन्य विकासका कामहरूको लागि यहि २०७६ साल कार्तिक मसान्त सम्म म्याद अवधि तोकि वडा कार्यालयलाई पत्रचार गर्ने र सो अवधिमा प्राप्त योजनाको कार्यान्वयन गर्न तथा सो अवधिमा कुनै वडाहरूबाट ७०/३० लागत योजना माग नभएमा माग भई आउने अन्य वडाहरूमा समेत सो बजेट कार्यान्वयन गर्ने तथा लागत सहभागीता प्रतिशत रकम सम्वन्धित उपभोक्ताबाट नै संकलन भए नभएका तथ्यको अनुगमन पश्चात मात्र सो योजना कार्यान्वयन गरिने निर्णय समेत सर्वसहमत गरियो ।

निर्णय नं ३

प्रस्ताव नं ३ माथि छलफल गर्दा चालु आर्थिक वर्षका लागि विनियोजित देहायको शिर्षकको बजेट कार्यान्वयन प्रारम्भ गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट रू. | बजेट कोड | स्रोत | कैफियत |
|---|---|---|---|---|---|
| १ | वनजन्य उत्पादन विविधिकरण कार्यक्रम | ५,००,०००।- | २२५२२ | संघीय सरकार, राजस्व बाँडफाँड | १५ दिने सूचना प्रकाशन गर्ने । |
| २ | स्थानीय कच्च पदार्थमा आधारित साना तथा घरेलु उघोग संचालन ( लागत सहभागीता) | २०,००,०००।- | २२५२२ | संघिय सरकार - वित्तिय समानिकरण अनुदान | १५ दिने सूचना प्रकाशन गर्ने । |
| ३ | संस्कृति संरक्षण तथा प्रर्वद्धन कार्यक्रम | ५,००,०००।- | २२५२२ | संघीय सरकार, राजस्व बाँडफाँड | वडा नं २ को मकवानपुरगढी दरबार आसपास मगर र तामाङ समुदायको संस्कृति प्रवर्द्धनमा सहयोग गर्ने। |
| ४ | होमस्टे संचालन कार्यक्रम | ५,००,०००।- | २२५२२ | आन्तरिक श्रोत | वडा नं २ को ५ घर छनौट गरि प्रति घर रू. १ लाख सहयोग गर्ने । |
| ५ | सामरी खोला तटवन्ध | १०,००,०००।- | ३११५४ | राजस्व बाँडफाँड प्रदेश सरकार | शिलवन्दी दरभाउपत्र आह्वान गर्ने । |

निर्णय नं ४

प्रस्ताव नं ४ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको चालु आर्थिक वर्षको बजेटबाट वडागत मर्मत शिर्षकमा विनियोजित बजेटको परिधि भित्र रही एकमुस्ट वा टोलगत रूपमा वडा समितिको निर्णयमा मर्मत सम्भार गर्ने निर्णय गरियो ।

प्रमुख प्रशासकीय अधिकृत

बिदुर हुमागाईं
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं ५

प्रस्ताव नं ५ माथि छलफल गर्दा कृषि क्षेत्रमा विनियोजित वेहायको बजेट कार्यान्वयन वेहायको विधि र पद्धति बाट संचालन गर्ने निर्णय गरियो ।

| क्र.सं. | कार्यक्रमको नाम | विनियोजित बजेट | बजेट कोड | बजेट शिर्षक | यान्त्रिक उपकरण | कैफियत |
|---|---|---|---|---|---|---|
| १ | कृषि यान्त्रिकरण प्रवर्द्धन कार्यक्रम | १५,००,०००।- | ३११२२ | राजस्व वाडफाँड संघीय सरकार | १) ठूलो ट्क्यटर १ थान २)धान कुट्ने मेशिन १ थान ३) हाटे ट्याक्टर | ५० प्रतिशत अनुदानमा उपलब्ध गराउन १५ दिने सूचना प्रकाशन गरि निवेदन संकलन गरि छनौट गर्ने । |
| २ | भकारो सुधार कार्यक्रम(शशर्त अनुदान) | ३,००,०००।- | २२५२२ | नेपाल सरकार शशर्त चालु अनुदान | मुत्र संकलन र मल खाल्डोमा छान्ने अनिवार्य | प्रति कृषक ५२००। उपलब्ध गराउने गरि सूचना प्रकाशन गर्ने । |

निर्णय नं ६

प्रस्ताव नं ६ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको प्रमुख प्रशासकीय अधिकृत श्री भिम वहादुर परियार निजामती सेवा पुरस्कार २०७५ को अवसरमा संघीय सरकारबाट पुरस्कृत सम्मानित हुनभएकोले जानताको सेवाप्रति थप जिम्मेवार र उत्तरदायी वन्दै निजामती सेवामा प्रति उत्तरोत्तर प्रगतिको सहित उज्वल भविस्यको कामना सहित कार्यपालिकाबाट बधाई ज्ञापन गर्ने निर्णय गरियो ।

निर्णय नं ७

प्रस्ताव नं ७ माथि छलफल गर्दा चालु आर्थिक वर्षको लागि अन्यसहायता शिर्षकमा विनियोजित बजेट तथा अनुदान आर्थिकं सहायता निर्देशिका २०७४ को प्रावधान भित्र रही देहायको व्यक्ति तथा निकायहरूलाई उपचार तथा सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | नाम थर | रोग वा उपचारको प्रकार | मुल शिर्षक | सहायता रकम रू | कैफियत |
|---|---|---|---|---|---|
| १ | राम वहादुर कामी | क्यान्सर | अन्य सहायता | २५,०००।- | |
| २ | संयोग चौलागाई | किड्नी | अन्य सहायता | २५,०००।- | |
| ३ | राज कुमार दहाल | क्यान्सर | अन्य सहायता | २५,०००।- | |

प्रमुख प्रशासकीय अधिकृत

विदुर हुमागाई
अध्यक्ष

Scanned with CamScanner

निर्णय नं ८

प्रस्ताव ८ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिकाको खेलकुद विकास शिर्षकमा विनियोजित बजेटको परिधि भित्र रही देहायको कार्यक्रम संचालनको लागि देहाय अनुसार कार्यक्रम सहायता उपलब्ध गराउने निर्णय गरियो ।

| क्र.सं. | संघ संस्थाको नाम | मूलक शिर्षक | बजेटको श्रोत | कार्यक्रम सहायताको रकम | कैफियत |
|---|---|---|---|---|---|
| १ | श्री गढि स्टार युवा क्लब | शिक्षा(गाउँपालिका स्तरिय खेलकुद कार्यक्रम(२२५२२) | राजस्व बाँडफाँड प्रदेश सरकार | २,००,०००।- | मकवानपुरगढी स्तरिय फुटसल रनिङ शिल्ड प्रतियोगिता |
| २ | भानु मावि | शिक्षा (गाउँपालिका स्तरिय खेलकुद कार्यक्रम(२२५२२) | राजस्व बाँडफाँड प्रदेश सरकार | ५०,०००।- | विद्यालय स्तरिय फुटसल प्रतियोगिता |
| ३ | सुर्य किरण युवा क्लब | शिक्षा(गाउँपालिका स्तरिय खेलकुद कार्यक्रम(२२५२२) | राजस्व बाँडफाँड प्रदेश सरकार | १,००,०००।- | मकवानपुरगढी गाउँपालिका स्तरिय भलिवल रनिङ शिल्ड प्रतियोगिता |

निर्णय नं ९

प्रस्ताव नं ९ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाले तयार गरेको अनुदान तथा आर्थिक सहायता निर्देशिका, २०७४ परिच्छेद ४ को बुँदा नं ८ को उप बुँदा ४.२ प्रकोप व्यवस्थापन सहयोग अन्तरगतको घ लाई संशोधन गरि मृतकको हकमा रू. ५०,०००।- सम्म आर्थिक सहायता उपलब्ध गराउने निर्णय गरियो।

निर्णय नं १०

प्रस्ताव नं १० माथि छलफलगर्दा यस मकवानपुरगढी गाउँपालिकासम्म इन्टरनेट तथा टेलिफोन लाईन जडानको लागि नेपाल टेलिकम हेटौंडा शाखालाई फाइवर विस्तारको लागि अनुरोध गर्ने निर्णय गरियो ।

निर्णय नं ११

प्रस्ताव नं ११ माथि छलफल गर्दा यस मकवानपुरगढी गाउँपालिका कार्यापालिका बैठकमा पेश भएका देहाय बमोजिमको कार्यविधि तथा निर्देशिका पेश भए अनुसार स्वीकृत गर्ने निर्ण गरियो ।

| क्र.सं. | कार्यविधि तथा निर्देशिकाको नाम | स्वीकृत मिति | कैफियत |
|---|---|---|---|
| १ | वडा कार्यालयको चालु खर्च संचालन कार्यविधि,२०७६ | २०७६।०६।१६ | |
| २ | मानव बेचबिखन तथा ओसारपसार नियन्त्रण स्थानीय समिति गठन तथा परिचालन कार्यविधि, २०७६ | २०७६।०६।१६ | |

निर्णय नं १२

प्रस्ताव नं १२ माथि छलफलगर्दा स्थानीय तहलाई पुर्वाधार विकास सम्वन्धी आयोजना/कार्यक्रम कार्यान्वयन गर्न चालु आर्थिक वर्ष २०७६।०७७ को लागि समपुरक अनुदान कार्यविधि, २०७५ को पहिलो शंशोधन। २०७५ र दोस्रो संशोधन, २०७६ को प्रावधान तथा विशेष अनुदान सम्वन्धी कार्यविधि, २०७६ को प्रावधान बमोजिम देहायको आयोजनाहरू समपुरक तथा विशेष अनुदानको लागि राष्ट्रिय योजना आयोगमा पेश गर्ने निर्णय गरियो ।

तपशिल

समपुरक कोष तर्फ

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | सामरी पुल मनकामना भन्ज्याङ सडक | वडा नं ४ | |
| २ | बरबोट सामरी सडक | वडा नं ३ | |
| ३ | बाग्दली देवीडाँडा गापा जोड्ने स्टील ट्रस | ६ र ३ | |

विशेष अनुदान तर्फ

| क्र.सं. | आयोजनाको नाम | ठेगाना | कैफियत |
|---|---|---|---|
| १ | भानु माध्यामिक विद्यालय | वडा नं ४ | |
| २ | वंशगोपाल प्राविधिक विद्यालय | वडा नं २ | |
| ३ | मकवानपुरगढी दरबार खानेपानी आयोजना | वडा नं २ | |
| ४ | मकवानपुरगढी सामुदायिक अस्पताल | वडा नं-६ | |

प्रमुख प्रशासकीय अधिकृत

विदुर हुमागाईं
अध्यक्ष

## निर्णय नं १३

प्रस्ताव नं १३ माथि छलफल गर्दा असार २६/२७ मा गएको अविरल वर्षातको कारण घर क्षति भएका परिवारलाई राहत स्वरुप ३ देखि ५ वण्डल जस्ता लागत संकलन गरि उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं १४

प्रस्ताव नं १४ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिकाको आर्थिक वर्ष २०७५।०७५ को वजेट तथा गाउँसभाले स्वीकृत गरेका तथा हेटौडा सिमेन्ट उद्योगबाट प्राप्त भएका देहायका योजनाहरु सम्पन्न भई,अनुगमन समितिवाट सम्पन्न अनुगमन प्रतिवेदन, सम्वन्धित योजनाको सार्वजनिक सुनुवाई, नेपाल सरकारको आधिकारिक निकायवाट प्राप्त गुणस्तर परिक्षण प्रतिवेदन, सम्वन्धित वडा कार्यालयको सिफारिस पत्र, प्राविधिक शाखावाट तयार भएको कार्यसम्पन्न प्रतिवेदन, विलभरपाई, सम्वन्धित योजना निर्माणको फोटो र विलभरपाई संलग्न राखि फराफारकको लागि पेश हुँदा मिति २०७६।०६।१२ गतेको फरफारक समितिको वैठकले फरफारक गरि भुक्तानी दिने निर्णय गरे वमोजिम गाउँपालिकावाट विभिन्न मिति मा भएको देहायको भुक्तानीलाई स्वीकृत गर्ने निर्णय गरियो ।

| क्र.सं. | योजनाको नाम | फर्म/कम्पनी/उपभोक्ताको नाम | लागत अनुमान | सम्झौता रकम रु. | कार्यसम्पनन प्रतिवेदन अनुसार मूल्यांकन रकम | कन्टेन्जेनसी कट्टी | विभिन्न कर कट्टि | धरौटी तथा नि. व्य.कोष कट्टि | खुद भुक्तानी रकम रु |
|---|---|---|---|---|---|---|---|---|---|
| १ | सामुदायिक भवन निर्माण | हिमाल आल्मुनियम एण्ड मेटल वर्कशप | ५,००,०००।- | ४,९९,८०८।- | ५,००,१५२।- | १४,९९४।२४ | ६,६३४।६२ | ० | ४,७८,१७९।१४ |
| २ | ज्यामिरे खैरेनी खोला चेक ड्याम | भिजन कन्स्ट्रक्सन | ९९,९९२६८।८९ (भ्याट र कन्टेन्जेन्सी सहित) | ५९,८३,०६९।२४ | ५५,५२,१५६।४९ | १०००००।- | ३,९३,०७३।७३ | २,५०,५८५ | ४९,०८,४९७।१७ |

## निर्णय नं १५

प्रस्ताव नं १५ माथि छलफल गर्दा मकवानपुरगढी गाउँपालिका अन्तरगतका वडा अध्यक्षहरुको कार्यव्यवस्थता र वडाको कामको लागि धेरै परिचालित हुनु पर्ने समस्याको कारण साविकमा उपलब्ध गराउँदै आएको मासिक १५ लि पेट्रोल वढाई २०७६ कार्तिक १ गते देखि लागू हुने गरि मासिक २० लि.इन्धन उपलब्ध गराउने निर्णय गरियो ।

## निर्णय नं १६

प्रस्ताव नं १६ माथि छलफल गर्दा नेपालमै पहिलो पटक मकवानपुर जिल्लको वकैया गाउँपालिकामा संचालन भएको प्रथम माझी गोल्डकप प्रतियोगिताको लागि यस गाउँपालिकाको गाउँसभाले स्वीकृत गरेको खेलकुद विकास खर्च शिर्षकवाट रु. ३०,०००।-(तिह हजार मात्र) आर्थिक सहयोग उपलब्ध गराउने निर्णय गरियो ।

Scanned with CamScanner